स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक




अभिनेत्री प्रियंका कार्कीको फिल्म "मास्टर्नी"को पहिलो झलक सार्वजनिक भएको छ। आयंका फिल्मस्को प्रस्तुतिमा निर्माण भएको फिल्मको शुक्रबार पोस्टर सार्वजनिक गरिएको हो। पोस्टरमा प्रियंकालाई मात्रै फिचर गरिएको छ। प्रियंका बाथटबमा शान्त रूपमा सुतेकी देखिन्छिन्, तर उनका आँखाले भने कुनै गहिरो रहस्य लुकाइरहेको संकेत गर्छन्। पोस्टरमा प्रियंकाको अनुहारमा डरभन्दा बढी आत्मविश्वास देखिन्छ।

**आजको विचार...**



राजेन्द्रमान डङ्गोल

आतिथ्य...
*(दुई पेजमा)*



छायांकनको तयारी गरिरहेको फिल्म "मन विनाको धन २"मा नायक विपिन कार्कीको प्रवेश भएको छ। पछिल्लो समयका सर्वाधिक व्यस्त तथा उच्च माग भएका नायक कार्कीको प्रवेशसँगै फिल्मको लाइनअप बलियो भएको छ। फिल्ममा विपिनको भूमिका के हुनेछ भन्ने विषयमा केही पनि खुलाइएको छैन। टंक बुढाथोकी प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्मको मुख्य भुमिकामा अभिनय रहने गरेर विपिन भित्रिएका हुन्।


❐ वर्ष ३१ ❐ अंक ३३८ ❐ २०८३ असार २२ गते सोमबार 6 July 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## सक्षिप्त समाचार

### आक्रमणमा १४ यमनी सैनिकको मृत्यु

(रासस/एएफपी)

**एडेन,** असार २१/यमनको इरान समर्थित हुथी विद्रोहीहरूले लाल सागर (रेड सी) को तटीय क्षेत्रमा रहेको होडैडा बन्दरगाह नजिकै गरेको आक्रमणमा १४ सैनिक मारिएका छन् । अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारसँग निकट सैन्य अधिकारीले आइतबार घटनाको पुष्टि गरेका छन् । सरकार समर्थक फौजले होडैडाको दक्षिणको हेय्स जिल्लामा शनिबार बिहानको समयमा 'केही घण्टासम्म चलेको झडप' पछि आक्रमणलाई साम्य पार्न सफल भएको त्यहाँको प्रशासनले जनाएको छ । विरोधी पक्षमा कति मारिए भन्ने सङ्ख्या नखुलाइकन लडाईमा हुथी समूहतर्फ पनि हताहत भएको सरकारी अधिकारीले बताएका छन् । हुथी विद्रोहीहरू सन् २०१५ देखि सरकारसँग युद्धमा छन् । यो द्वन्द्वले लाखौं मानिसको ज्यान लिएको छ र यमनमा ठूलो मानवीय सङ्कट निम्त्याएको छ । विद्रोहीहरूले यमनको राजधानी सानालगायत उत्तरको ठूलो भाग र पश्चिमी रेड सी तटमा रहेको होडैडा नियन्त्रणमा राखेका छन् भने अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारले दक्षिणको ठूलो भागमा शासन गर्दै आएको छ ।

# सवारी दुर्घटनाबाट हुने क्षति कम गर्ने चुनौती

## तीव्र गति नै दुर्घटनाको कारक

**हाम्रा संवादाता/रासस**

**लुम्बिनी,** असार २१/लुम्बिनी प्रदेशका मुख्य राजमार्ग र सडकमा दैनिक सवारी दुर्घटना र यसबाट हुने क्षतिमा अपेक्षाकृत कमी आउन सकेको छैन । यसवर्षको पहिलो महिना वैशाख र जेठमा सार्वजनिक भएको ट्राफिक तथ्याङ्कले यही चुनौतीपूर्ण यथार्थ उजागर गरेको छ ।

यसअवधिमा भएका २४० दुर्घटनामा ११३ जनाको मृत्यु भएको छ भने ६४१ जना घाइते भएका छन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलले सार्वजनिक गरेको तथ्याङ्क अनुसार जेठ महिनामा मात्रै प्रदेशभर १५० वटा सवारी दुर्घटना भएकोमा ४० जनाले ज्यान गुमाएका छन् भने २५५ जना घाइते भएका छन् । यसवर्षको पहिलो महिना वैशाखको तुलनामा दुर्घटना संख्या केही घटेको देखिए पनि प्रत्येक दिन औसत पाँच वटा दुर्घटना र दैनिक




एकभन्दा बढीको मृत्यु हुनु चिन्ताजनक अवस्था हो । वैशाखमा प्रदेशभर १८९ वटा दुर्घटना भएका थिए । त्यसमा ४३ जनाको मृत्यु र २८६ जना घाइते भएका थिए । जेठमा दुर्घटना ३९ वटाले घटे पनि मृत्युदरमा उल्लेखनीय सुधार आउन सकेको छैन ।

**तीव्र गति नै दुर्घटनाको कारक**

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका कार्यालय प्रमुख प्रहरी उपरीक्षक (एसपी) निशान थापा दुर्घटनाको विश्लेषण गर्दा सबैभन्दा डरलाग्दो तथ्य तीव्र गतिमा सवारी चलाउनुनै मुख्य कारण रहेको बताए । उनले अधिकांश दुर्घटना तीव्र गतिकै कारणले भएको पाइएको तथ्याङ्क बताउन्छन् । जेठमा चालकको कारण भएका दुर्घटनामध्ये तीव्र गतिका कारण ९९ वटा दुर्घटना, मादकपदार्थ सेवनका कारण १७ वटा, चालकीय असक्षमताका कारण १८ वटा, लेन अनुशासन उल्लैनबाट नौ वटा, मोबाइल फोन प्रयोगबाट एक वटा, निद्रा वा थकानबाट एक वटा, अनावश्यक ओभरटेकबाट दुई वटा र अन्य लापरबाहीबाट तीन वटा दुर्घटना भएको कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मोहनजङ्ग बुढथापाले सार्वजनिक गरेको तथ्याङ्कमा छ । मादकपदार्थ सेवन गरेर सवारी चलाउने प्रवृत्ति अझै नियन्त्रणमा आउन नसकेको र जेठमा मात्रै प्रहरीले एक हजार ११३ जना चालकलाई मादकपदार्थ सेवन (मापसे) गरेको अभियोगमा कारवाही गरेको तथ्याङ्कमा छ । यसबाट मात्रै छ लाख नौ हजार बढी राजस्व सङ्कलन भएको छ । ट्राफिक प्रहरीले जेठ महिनामा १२ हजार ८०४ वटा सवारीसाधनमाथि कारवाही गरेको छ । यसबाट रु एक करोड ४८ लाख ३९ हजार ५०२ जरिवाना सङ्कलन गरेको छ । वैशाखमा १० हजार १११ कारवाही र रु एक करोड ६५ लाख ७६ हजार ५०९ जरिवाना सङ्कलन भएको थियो । दुर्घटना र क्षतिमा कमी आउनुमा ट्राफिक प्रहरीको सक्रियता र चेतनामूलक अभियानलाई मुख्य कारण मानिएको थापाले बताए । जहाँ वैशाखको तुलनामा जेठ महिनामा कारबाही संख्या १० हजार ९११ बाट बढेर १२ हजार ८०५ पुऱ्याइएको छ भने जनचेतना कार्यक्रमबाट लाभान्वित हुनेको संख्या ५२ हजार ३५५ बाट वृद्धि भई ७७ हजार ०५३ पुगेको छ । दुर्घटना रोकथामका लागि प्रहरीले कारवाहीसँगै जनचेतनालाई प्राथमिकता दिएको छ । जेठ महिनामा एक हजार ४१९ जनालाई प्रत्यक्ष ट्राफिक सचेतनाका कार्यक्रममा सहभागी गराएको छ । ६७ हजार ५३ जनालाई विभिन्न कार्यक्रममार्फत लाभान्वित भएको र १८३ सवारीचालक तथा सहचालकको जनाको स्वास्थ्य परीक्षण गरिएको जनाइएको छ ।

# डेङ्गी सङ्क्रमणको जोखिम बढ्ने



**पाल्पा,** असार २१/यसपटक पानी पर्न थालेपछि डेंगी संक्रमणसमेत बढ्ने प्रक्षेपण गरिएको छ । पानी पर्न थालेपछि डेंगी संक्रमणको जोखिम पनि बढ्ने इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

सङ्क्रमणको जोखिम बच्न आवश्यक सर्तकता अपनाउन इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले सबैमा अनुरोध समेत गरेको छ । दैनिक पानी पर्न थालेपछि डेङ्गीको जोखिम पनि बढ्ने भएकाले सर्तकता अपनाउन सबैलाई आग्रह गरेको हो । केही दिनअघि परेको पानीले डेङ्गी सङ्क्रमण बढाउने खतरा रहेको महाशाखाले जनाएको छ । असार ९ गतेदेखि १५ गतेसम्म ६३ जनामा डेङ्गी देखिएको महाशाखाले जनाएको छ ।

डेंगीबाट बचन घर वरिपरिका खल्डाखुल्डीमा पानी जम्न नदिने, नियमित सरसफाइ गर्ने, सुत्ने बेला झुलको प्रयोग गर्नेलगायत उपाय अपनाउन सकिने बताइएको छ । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेङ्गी रोग लाग्दछ ।

# पाल्पा सहित विभिन्न स्थानबाट लागूऔषधसँगै १७ जना पक्राउ

**पाल्पा,** असार २१/ पाल्पासहित देशका विभिन्न स्थानबाट अवैध लागूऔषधसँगै १७ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार पाल्पा, बाँके, झापा, सुनसरी, गोरखा, कैलाली, भक्तपुर, पर्सा, मोरङ र काठमाडौंबाट अवैध लागूऔषधसहित प्रहरीले १७ जनालाई पक्राउ गरेको हो ।



पाल्पाको बगनासकाली गाउँपालिका-३ आर्यभन्ज्याङ बजारबाट अवैध लागूऔषधसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा तानसेन नगरपालिका-६ बसपार्कका २४ वर्षीय हेमन्त खड्का रहेका छन् । प्रहरीले उनको साथबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ३ ग्राम र चरेस जस्तो पदार्थ करिब ६ ग्राम बरामद गरेको छ । प्रहरी चौकी आर्यभन्ज्याङबाट खटिएको प्रहरीले बुटवलदेखि पोखरातर्फ जाँदै गरेको ग.२ ख २१४४ नम्बरको बसमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

यस्तै झापाको भद्रपुर नगरपालिका-४ डाँगीबारीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ३० मिलिग्राम सहित बिर्तामोड नगरपालिका-३ बस्ने २० वर्षीय बिक्रम कार्की समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.३७ प १४८७ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।


*...बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## सरकारका सय दिन

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकार गठन भएको सय दिन पूरा भएको छ । यो समयलाई 'हनिमुन पिरियड' अर्थात् मधुमास पनि भनिन्छ । सरकारका लागि देशको अवस्था बुझ्न, सरकारी तौरतरीका थाहा पाउन मधुमासका रूपमा लिने प्रचलन छ ।

पुराना दलप्रतिको वितृष्णा, आक्रोश, सुशासनको चाहना र राज्य संयन्त्रमा आमूल परिवर्तनको अपेक्षासहित यसपालि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अभूतपूर्व जनसमर्थन पाएको थियो । जनआन्दोलन, गणतन्त्र, सविधान र संघीयतापछि पनि नागरिकले अपेक्षित सुशासन, रोजगारी, सेवा प्रवाह र आर्थिक समृद्धि अनुभूति गर्न सकेका थिएनन् । त्यसैले पुराना दलहरूबाट आजित नागरिकले नयाँ पुस्ता, नयाँ सोच र नयाँ राजनीतिक संस्कृतिको नारासहित अघि आएको रास्वपालाई दुईतिहाइ नजिक जनादेश दिए । परम्परागत दलहरूको अकर्मण्यता, नीतिगत विचलन र कुशासनबाट वाक्क नागरिकले नयाँ शक्तिबाट शासकीय प्रणालीमा जादुमयी रूपान्तरणको अपेक्षा समेत गरेका थिए । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारले पनि पदभार ग्रहण गरेकै दिन सय बुँदे शासकीय सुधार कार्यसूची सार्वजनिक गर्दै 'देश बनाउने' महत्वाकांक्षी अभियान सहित शासकीय सुधारको १०० बुँदे कार्यसूची घोषणा गरेको थियो । शनिबार सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्रकार सम्मेलनमार्फत सरकारले हासिल गरेका कामहरुको फेहरिस्त प्रस्तुत गरे । सरकार गठन भएपछि सबै मन्त्रालयद्वारा बनाइएको कामको सूचीमध्ये करिब ८७.२ प्रतिशत काम सम्पन्न गरेको दाबी उनको छ । तर्क चातुर्य र आफूअनुकूलका तथ्यांकबाट हरेकजसो सरकारले सफलताको र विपक्षीले असफलताको दाबी गर्ने प्रवृत्ति पुरानै हो । अहिलेको सरकारले गरेको दाबी पनि त्यसकै सिलसिला हो । यद्यपि, सरकारको सफलता र असफलता छुट्याउने कुनै स्पष्ट विभाजन रेखा हुँदैन । यस सन्दर्भलाई सरकार गठन हुँदै गर्दा सार्वजनिक रूपमा गरिएका वाचा र आमजनतामा विकास भएको अपेक्षा कति पूरा हुन सक्यो भन्ने कोणबाट चर्चा गरिन आवश्यक छ । यो सरकारका सय दिनभित्र त्यति धेरै सन्तोष गर्न सकिने गरी काम भएका छैनन् तर त्यसो भन्दैमा सरकारले केही गर्दै गरेन भन्ने होइन । केही गर्ने प्रयासहरु भएका छन् । त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ । सय दिन लामो समय होइन । तर सरकारको प्रवृत्ति, प्राथमिकता र कार्यशैलीको भेउ बुझ्न यथेष्ट समय हो । यतिबेला प्राप्त प्रतिक्रियालाई शिक्षाका रूपमा लिएर कार्यशैलीलाई प्रभावकारी बनाउने हो भने सरकारले सकारात्मक नतिजा दिँदै जानेछ । तसर्थ सरकारले यसतर्फ ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

जिन्दगीमा सबैभन्दा महँगो कुरा पैसा होइन,
समय र विश्वास हो, एकपटक गुमेपछि फर्किन गाह्रो हुन्छ।
*(सुस्मा रानाको फेसबुक स्टाटसबाट www.facebook.com/Susma.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आतिथ्य र पर्यटनको अन्तरसम्बन्ध



**राजेन्द्रमान डङ्गोल**

मानव सभ्यताको विकाससँगै यात्राको स्वरूप र उद्देश्यमा व्यापक परिवर्तन आएको छ । आदिम कालमा भोजन, आश्रय र सुरक्षाका लागि गरिने फिरन्ते यात्रा आधुनिक युगमा मनोरञ्जन, ज्ञान र मानसिक शान्ति आर्जन गर्ने व्यवस्थित पर्यटन गतिविधिमा रूपान्तरण भएको छ । संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठन (युएनडब्लुटीओ) का अनुसार आफ् नो स्थायी थातथलो छाडेर अन्यत्र जाने र त्यहाँ कम्तीमा एक रात बिताउने तर कुनै आर्थिक आर्जनको काममा संलग्न नहुने व्यक्ति पर्यटक हुन् । एक्काइसौँ शताब्दीको पर्यटक विलासी होटलमा रमाउने नभई स्थानीय समुदायको भान्छा, पोसाक र जीवनशैलीको प्रत्यक्ष हिस्सा बन्न चाहने पनि हुन्छन् । सांस्कृतिक दूतका रूपमा रहेका यस्ता पर्यटकको आवागमनले सङ्कुचित घेरा तोड्दै फरक भूगोलका मानिसहरूबीच वैचारिक, सांस्कृतिक र आर्थिक आदानप्रदानको ढोका खोल्छ । पर्यटकको बसाइ, खानपान, मनोरञ्जन र यातायातलाई व्यवस्थित बनाउने सेवामूलक व्यवसायहरूको समष्टिगत रूप नै 'पर्यटन उद्योग' हो । यो होटल, रेस्टुराँ, उडड्यन र हस्तकलालाई जोड्ने विनाधुवाँको बहुआयामिक ए उद्योग हो । यसले पर्यावरणलाई नोक्सान नगरी समाजको तल्लो तहसम्म आर्थिक लाभको न्यायोचित वितरण गर्छ । एउटा पर्यटकले गर्ने खर्चले रिक्सा चालकदेखि दूरदराजका तरकारी उत्पादक कृषकसम्मको जीविकोपार्जनमा सहयोग पुग्छ । यस उद्योगको प्राण र नेपाली संस्कृतिको मूल दर्शन भनेको 'अतिथि देवो भव:' को सनातन मान्यतामा आधारित 'घरबास ( होमस्टे) आतिथ्य' हो जसले आतिथ्य र पर्यटनको अन्तरसम्बन्धलाई धरातलीय रूपमै चरितार्थ गर्छ । होटलको कृत्रिम वातावरणभन्दा भिन्न, स्थानीयको निजी घरमा परिवारको सदस्यजस्तै बनेर बस्ने, रैथाने चुल्होको स्वाद लिने र निष्कपट प्रेम पाउने यो विशिष्ट प्रबन्धले पर्यटकलाई टाढाको अर्को घरको वास्तविक अनुभूति गराउँछ ।

**मोरङको बेलबारी: भौगोलिक अवस्थिति, अनुकूल जलवायु र जैविक विविधताको सङ्गम**

पूर्वी नेपालको मोरङ जिल्लामा अवस्थित बेलबारी नगरपालिका भौगोलिक, पर्यावरणीय र जलवायविक दृष्टिकोणले पर्यटकीय गन्तव्य बन्न अत्यन्तै उर्वर र सम्भावनायुक्त क्षेत्र हो । पूर्व-पश्चिम राजमार्गले बीचबाट चिरेकोले यस नगरमा यातायातको सहजता छ । उत्तरतर्फ महाभारत पर्वत शृङ्खलाका फेदी र दक्षिणतर्फ तराईका विशाल समथर भूभागको क्षेत्रमा अवस्थित भएकाले बेलबारीको भूगोल विविधतापूर्ण छ । यसको उत्तर-पूर्वी सिमाना सुप्रसिद्ध चारकोसे झाडीसँग जोडिएको छ । यसले गर्दा यहाँको पर्यावरण सधैँ हरियो र प्राकृतिक रूपमा सन्तुलित रहन्छ । वन जङ्गल र खेतीयोग्य जमिनको सुन्दर मिश्रण रहेको बेलबारीको क्षेत्रफल करिब १३२ वर्ग किलोमिटर छ । यहाँ समथर मैदानी भूभाग, सामान्य थुम्का र सिमसारहरूको अनुपम सम्मिश्रण देख्न सकिन्छ । बेलबारीको जलवायु पर्यटकीय गतिविधिहरूका लागि वर्षैभरि अनुकूल मानिन्छ । यहाँ उपउष्णकटिबंधीय मनसुनी जलवायु पाइन्छ । यसैको काराण यहाँ हिउँदको समयमा मौसम न्यानो रहन्छ । विशेषगरी असोजदेखि फागुनसम्म यहाँको भ्रमणका लागि सर्वोत्तम मानिन्छ । यतिबेला आकाश सफा र वन जङ्गलहरू हराभरा देखिन्छन् । गर्मीको मौसममा पनि चारकोसे झाडी र आसपासका जलस्रोतका कारण सहरी क्षेत्रको जस्तो उकुसमुकुस हुँदैन । यहाँको वार्षिक औसत तापक्रम र नियमितरूपमा हुने मनसुनी वर्षाले गर्दा कृषि उत्पादन र प्राकृतिक वनस्पति दुवैको सन्तुलन मिलेको छ । मौसमी अनुकूलताले गर्दा बाह्य र आन्तरिक पर्यटकहरू कुनै पनि ऋतुमा बेलबारी आएर बस्न र यहाँको प्राकृतिक आनन्द लिन सक्छन् । जैविक विविधता र जलस्रोतका हिसाबले बेलबारी पूर्वी नेपालको सुन्दर गन्तव्य हो । बेतना सिमसार क्षेत्र यहाँको सबैभन्दा ठूलो प्राकृतिक सम्पदा हो । चारकोसे झाडीभित्र रैथाने रूपमा फैलिएको यो सिमसार विभिन्न प्रजातिका रैथाने तथा प्रवासी चराचुङ्गी, बहुमूल्य कछुवा, रैथाने माछाहरू र विभिन्न प्रकारका जलचरहरूको सुरक्षित वासस्थान हो । यहाँको शान्त वातावरण, बोटिङ सुविधा र जङ्गल सफारीले पर्यटकहरूलाई मन्त्रमुग्ध पार्छ । बेतनाका अतिरिक्त बेलबारी क्षेत्रमा यहाँको जमिनलाई सधैँ ओसिलो र उर्वर बनाउने अमूना खोला, सिसाउली खोला, लोहन्द्रा खोला र झलझली सिमसार जस्ता जलस्रोत छन् । यी सिमसार र नदी तटीय क्षेत्रहरू पर्यापर्यटन, चरा अवलोकन र वन्यजन्तु फोटोग्राफीका लागि अन्तर्राष्ट्रिय स्तरकै गन्तव्य बन्न सक्ने क्षमता राख्छन् ।

**धिमाल समुदायको मौलिक संस्कृति, इतिहास र ऐतिहासिक पहिचान**

बेलबारीको सबैभन्दा ठूलो र विशिष्ट पर्यटकीय सम्पदा यहाँ आदिकालदेखि बसोबास गर्दै आएको र 'तराईका पहिलो बासिन्दा' वा 'तराईका मूलबासी' मानिने धिमाल समुदाय हो । भोटबर्मेली भाषा परिवारसँग सम्बन्धित धिमाल समुदायको आफ्नै विशिष्ट भाषा, मौलिक लिपि ( धम लिपि) र नितान्त भिन्न जीवनशैली छ । मोरङ र झापा जिल्लाको सीमित क्षेत्रमा मात्र रैथाने रूपमा पाइने यो समुदाय सांस्कृतिक र ऐतिहासिक रूपमा कति धनी छ भने यो मानवशास्त्र र समाजशास्त्रका अध्येताहरूका लागि एउटा खुला विश्वविद्यालय जस्तै हो ।

**क. ऐतिहासिक पृष्ठभूमि र बेलबारी आगमनको कथा**

धिमाल जातिको इतिहास र उनीहरू कसरी बेलबारीको रैथाने बासिन्दा बन्न पुगे भन्ने सन्दर्भ असाध्यै रोचक र गौरवपूर्ण छ । धिमालहरूको मौलिक लोकोक्ति र मानवशास्त्रीय अध्ययनअनुसार उनीहरू प्राचीन किरात वंशकै एक शाखा हुन् । किंवदन्तीअनुसार धेरै वर्ष पहिले दुई भाइहरू पहाड (धनकुटा/लिम्बुवान) बाट तल झरेका थिए । जेठो भाइ पहाडमै रह्यो (जसलाई लिम्बु/किराती भनियो) र कान्छो भाइ पहाडबाट ओर्लेर तराईको समथर भूमि 'माल' (मधेस) मा बसोबास गर्न थाल्यो । धिमाल भाषामा 'धि' को अर्थ 'धकेल्नु वा छुट्टिनु' र 'माल' को अर्थ 'तराईको समथर भूमि' हुन्छ । अर्थात्, पहाडका किराती समूहबाट छुट्टिएर तराईको माल भूमिमा आई बसेका हुनाले उनीहरू 'धिमाल' कहलिए । शारीरिक बनोट र सांस्कृतिक साम्यताका कारण उनीहरूलाई आज पनि "मधेसका लिम्बु" भनिन्छ । बेलबारी र आसपासको क्षेत्र धिमाल राजाहरूको ऐतिहासिक थलो हो । बेलबारीको ठीक उत्तरमा रहेको लेटाङको 'राजारानी पोखरी' क्षेत्र प्राचीन कालमा धिमाल राजाको दरबार रहेको क्षेत्र मानिन्छ । त्यस्तै, बेलबारी नगरपालिकाको वडा नं. ५ मा अवस्थित ऐतिहासिक 'धनपालगढी' को भग्नावशेष आज पनि जीवित छ जहाँ प्राचीन कालमा राजा धनपालले राज्य गर्थे । धिमालहरू उनलाई आफ्ना ऐतिहासिक राजा मान्छन् । सन् १९५० को दशकभन्दा अगाडि जब तराईमा भयानक 'औलो' को प्रकोप थियो त्यस बेला पनि धिमालहरूले आफ्नो प्राकृतिक रोग प्रतिरोधात्मक क्षमताका बलमा चारकोसे झाडी र सिमसार क्षेत्र (जस्तै बेलबारीको माटीगाउँ, कसैनी, लोहन्द्रा नदी किनार) मा ससाना बस्ती बनाएर यो सभ्यतालाई जोगाई राखे । बेलायती इतिहासकार ब्रायन एच. हड्सनले सन् १८४७ को आफ्नो अनुसन्धानमा पनि कोसी र मेची नदीको बीचमा धिमालहरूको बलियो र स्वायत्त सामाजिक शासन व्यवस्था रहेको उल्लेख गरेका छन् । बेलबारी नगरपालिकाको वडा नं. १० मा रहेको 'माटीगाउँ' लाई त धिमाल समुदायको केन्द्रीय राजधानी नै मानिन्छ । यहाँ १२१ भन्दा बढी धिमाल परिवार एउटै सघन क्लस्टरमा मिलेर बसेका छन् ।

**ख. धिमाल समुदायका चाडपर्व र जात्राहरू**

धिमाल समुदाय संस्कृतिको मामिलामा असाध्यै धनी र उत्सवप्रिय छ । उनीहरूको जीवन चक्र, प्रकृति र कृषि प्रणालीसँग जोडिएका थुप्रै चाडपर्व तथा जात्राहरू छन्, जसमा प्रस्तुत गरिने जीवन्त दृश्यहरू पर्यटकका लागि सबैभन्दा ठूलो सांस्कृतिक आकर्षण बन्न सक्छन् । प्रत्येक वर्ष वैशाख २ गतेदेखि सुरु भई असारको २ गतेसम्म चल्ने 'धङधङे' वा 'जातरी' वा 'सिरजात' धिमालहरूको सबैभन्दा ठूलो र रङ्गीन पर्व हो । नयाँ वर्षको आगमन र वर्षे बाली लगाउने समयमा प्रकृतिको आशिर्वाद लिन यो जात्रा मनाइन्छ । युवतीहरू कालो पेटानी र चाँदीका गहनामा सजिएर तथा युवकहरू परम्परागत पहिरनमा 'ढोल' र 'तुई' (बाँसको बाँसुरी जस्तै वाद्यवादन) को तालमा सामूहिकरूपमा नाच्ने दृश्य यति ऊर्जावान् हुन्छ कि त्यहाँ पुग्ने जोकोही पनि उनीहरूसँगै झुम्न पुग्छन् । यो दुई महिनाको अवधिलाई बेलबारी नगरपालिकाले 'धिमाल सांस्कृतिक पर्यटन महिना' का रूपमा ब्रान्डिङ गर्न सक्छ । यस जातरी मेलामा धिमाल समुदायको दृश्य र आस्वादनजन्य पहिचान अझ प्रगाढ रूपमा प्रकट हुन्छ । मेलामा धिमाल युवती तथा आमाहरू आफैँले हाते तानमा बुनेको बुट्टेदार कालो कपडा 'पेटानी' (दबोना) मा सजिन्छन् भने गलाभरि चाँदीका पुराना सिक्का गाँसेर बनाइएका परम्परागत गहनाको खनखनले जात्रालाई संगीतमय बनाउँछ । पुरुषहरू पनि आफ्नो रैथाने पहिरनमा कम्मरमा ढोल भिरेर उत्साहका साथ मैदानमा उत्रिन्छन् । प्राचीन कालदेखि चल्दै आएको यो जात्रा धार्मिक अनुष्ठानमात्र नभई सामाजिक सद्भाव र खानपानको अनुपम सङ्गम पनि हो । टाढाटाढा रहेका चेलीबेटी र पाहुनाहरूको आगमनले ब्युँतने यस उत्सवमा धिमालहरूका रैथाने परिकारहरू जस्तै चिँचर, बागिया र माछाको परिकार 'तोबा' सहित स्थानीय पेय पदार्थ पस्केर आतिथ्यको जीवन्त नमुना प्रस्तुत गरिन्छ । यसैगरी धिमालहरू प्रकृति पूजक भएकाले मौसम परिवर्तन र कृषिको चक्रअनुसार आफ्ना चाडहरू तय गर्छन् । बाली लगाउने बेला 'उँभौली' र बाली पाकेर भित्र्याउने बेला 'उँधौली' मनाउने उनीहरूको आफ्नै मौलिक तरिका छ । नयाँ अन्न पाकेपछि आफ्नो कुलदेवता र प्रकृतिलाई चढाएर मात्र ग्रहण गर्ने उनीहरूको परम्पराले पर्यटकलाई प्रकृतिको आदर गर्न सिकाउने एउटा उत्कृष्ट दर्शन प्रदान गर्दछ । वर्षायामको सुरुमा महामारी र प्राकृतिक विपत्तिबाट गाउँलेले मुक्ति पाऊन् र खेतीपाती राम्रो होस् भनेर असार महिनामा 'असाँढी पूजा' गरिन्छ । यस पूजामा ग्राम थान ( पूजास्थल) मा भूमि पूजा र सामूहिक भोजको आयोजना हुन्छ जहाँ धिमाल समुदायको भ्रातृत्व र आतिथ्यको उच्च नमुना देख्न पाइन्छ ।

**ग. पर्यटकीय आकर्षण बन्न सक्ने धिमाल संस्कृतिका मुख्य पक्षहरू**

धिमाल महिलाहरूको पहिरन 'दबोना' वा 'पेटानी' (आफैँले हाते तानमा बुनेको बुट्टेदार कालो कपडा) र चाँदीका पुराना सिक्काहरूबाट बनेका परम्परागत गहनाहरू उनीहरूको बलिया दृश्य पहिचान हुन् । धिमाल पुरुषहरूको परम्परागत पहिरन र उनीहरूले प्रयोग गर्ने काठ तथा बाँसका सामग्रीहरू उत्तिकै विशिष्ट छन् । स्थानीय सरकारले पूर्वाधार दिएको खण्डमा केन्द्रीय सरकारले राष्ट्रिय पहिचान दिन्छ । त्यही बेला पर्यटन संस्थाहरूले बजार तताइदिन्छन् । विकासको वास्तविक र जीवन्त उदाहरण बन्नेछ । अबको कार्यदिशा गफमा होइन बेलबारीको माटीगाउँका होमस्टेका कोठाहरूमा पर्यटक भित्र्याउने र धिमाल आमाहरूको अनुहारमा आर्थिक समृद्धिको मुस्कान ल्याउने सत्कर्ममा केन्द्रित हुनुपर्छ ।

*-बाह्रखरी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सुरु गरेको काम बीचमै नछोड्नुहोस्। मेहनतले पनि राम्रो परिणाम ल्याउन सक्छ। | **तुला**: सानो कुराले मन खुसी बनाउन सक्छ। नम्र व्यवहार राख्नु राम्रो हुनेछ। |
| **वृष** : कामममा समय बित्न सक्छ। कुरा मिलाउने मौका पनि मिल्न सक्छ। | **वृश्चिक** : कामममा लगन देखिने छ। हतार नगरी लयमा अघि बढ्नु राम्रो हुनेछ। |
| **मिथुन** : सही निर्णय गर्न सकिनेछ। बोल्नुभन्दा सुन्ने बानीले धेरै फाइदा दिनेछ। | **धनु** : पढाइको कामममा राम्रो अनुभव मिल्नेछ। सिकेको कुरा पछि काम लाग्नेछ। |
| **कर्कट** : बचतले पनि पछि काम लाग्न सक्छ,। मनमा ढुक्कता बढ्ने दिन रहनेछ। | **मकर** : ढिलाइ नगरी काम सुरु गर्नु राम्रो हुनेछ। प्रयासले राम्रो बाटो देखाउनेछ। |
| **सिंह** : निर्णयमा विश्वास राख्नुहोस्। आत्मविश्वासले धेरै काम सजिलो बनाउनेछ। | **कुम्भ** : मिलेर गरेको काम पूरा हुनेछ। समझदारीले सम्बन्ध बलियो बनाउनेछ। |
| **कन्या** : सोचेर मनलाई थकाउनु आवश्यक छैन। घरको वातावरण तपाईंको पक्षमा हुनेछ। | **मीन** : रुचिको कामममा समय दिन सकिनेछ। कामबाट सन्तुष्टि मिल्ने संकेत छ। |

# शिक्षा

## एशियन कलेजद्वारा 'नमुना संसद कार्यक्रम'




एशियन कलेज अफ लले 'नमुना संसद कार्यक्रम' दोस्रो संस्करणको आयोजना गरेको छ । कक्षा ११ र १२ मा अध्ययनरत १०० जना भन्दा बढी विद्यार्थीको सहभागितामा कलेजकै सभाहलमा कार्यक्रम आयोजना गरिएको हो । गत वर्ष कलेजले गरेको प्रथम नमुना संसद कार्यमको दोस्रो संस्करणको रूपमा कलेजले यस वर्ष उक्त कार्यक्रमको 'दोस्रो संस्करण-२०८३' आयोजना गरेको हो । विद्यार्थीहरूलाई संसदीय अभ्यास सिकाउँदै कार्यविधिमा जानकार बनाउन कार्यक्रमको आयोजना गरिएको कलेजका प्राध्यापक एवम् अध्यक्ष प्रा.डा. बलबहादुर मुखियाले बताए । कार्यक्रमको उद्घाटन सत्रको प्रमुख आतिथ्यता गरेकी त्रिवि कानुन संकायकी सहायक डिन डा. लक्ष्मी शर्माले यस्ता कार्यक्रमले विद्यार्थीहरुको नेतृत्व तथा उत्तरदायी क्षमता अभिवृद्धि गर्ने बताए । नमुना संसद कार्यक्रममा 'पर्यटन विधेयक-२०८३' उपर छलफल गरिएको थियो । सत्तापक्ष, प्रतिपक्ष समेतको सहभागिता रहेको उक्त कार्यक्रममा सरकारका तर्फबाट विभिन्न मन्त्री एवम् प्रधानमन्त्रीको समेत जिम्मेवारी तोकिएको थियो । संसद्मा हुने गतिविधिअन्तर्गत आकस्मिक समय, शुन्य समय र विशेष समयमा सांसदहरूलाई बोल्न दिइएको थियो भने सरकारका तर्फबाट मन्त्रीहरूले विभिन्न सांसदले उठाएका प्रश्नहरूको जवाफ दिएका थिए । नमुना संसदीय अभ्यासमा विद्यार्थीहरूले आ-आफ्ना विषयवस्तुलाई निक्कै रोचक एवम् आकर्षक ढंगबाट प्रस्तुत गरेका थिए । संसदमा हुने सरकार पक्ष र प्रतिपक्षी दलहरूको भुमिकालाई प्रष्ट रूपमा हेर्न र बुझ्न सकिने गरि सहभागी विद्यार्थीहरूले प्रस्तुतीकरण दिएका थिए । कार्यक्रममा उत्कृष्ट वक्ता, उत्कृष्ट रणनीतीकार र उत्कृष्ट अनुसन्धानकर्ता गरी उत्कृष्ट तीन जनालाई प्रमाणपत्रसहित जनही पाँच हजारको दरले पुरस्कृत गरिएको थियो भने अन्य सहभागीहरूलाई प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो । सम्मान कार्यक्रमका प्रमुख आतिथिको रूपमा रहनु भएका नेपाल खुला विश्वविद्यालयका उपकुलपति डा. जीवन खड्काले यस्ता प्रकारका कार्यक्रमले विद्यार्थीहरूमा व्यवहारिक ज्ञानलाई अभिवृद्धि गर्न सघाउ पुऱ्याउने बताए। कार्यक्रमको विशिष्ट अतिथिको रूपमा रहेका नेपाल कानुन आयोगका निवर्तमान अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. लक्ष्मीप्रसाद मैनालीले नमुना संसद कार्यक्रममा विद्यार्थीहरुले वास्तविक संसदको झल्को दिएको टिप्पणी गरेका थिए । एशियन कलेज अफ ल का प्रबन्ध निर्देशक इन्द्र शेखर खड्काले कानुन पढाई हुने कलेजहरूमा यस्ता किसिमका कार्यक्रमहरू आयोजना हुनुले विद्यार्थीहरूको व्यक्तित्व विकास हुने र कानुन निर्माण प्रकृयाबारे अझ बढी जानकार रहने बताएको थियो । यस्ता कार्यक्रमले विद्यार्थीहरुको व्यक्तित्व विकासमा अब्बल भूमिका निर्वाह गर्न मद्दत पुग्ने उनको भनाई थियो ।

*-इहिमालयन डटकम*

## विश्वविद्यालय शिक्षा सुधारको प्रयास




उच्च शिक्षाको शैक्षिक क्रियाकलापलाई व्यवस्थित, योजनाबद्ध र प्रभावकारी बनाउन विश्वविद्यालय अनुदान आयोगले राष्ट्रिय शैक्षिक पात्रो विकास गरी कार्यान्वयनमा ल्याइएको छ । विश्वविद्यालयहरूको शैक्षिक गतिविधिलाई एकीकृत र पात्रोमा आधारित बनाउन आयोगले विश्वविद्यालयहरूसँगको समन्वयमा राष्ट्रिय शैक्षिक पात्रो लागू गरेको हो ।शिक्षा तथा खेलकुद मन्त्रालयले मङ्गलबार मन्त्रिस्तरीय निर्णयमार्फत पूर्वस्वीकृत भई कार्यान्वयनमा रहेको उच्च शिक्षाको राष्ट्रिय शैक्षिक पात्रोसम्बन्धी प्रतिवेदन, २०८० लाई समयानुकूल परिमार्जन गरी नयाँ राष्ट्रिय शैक्षिक पात्रो स्वीकृत गरेको छ । साथै, आवश्यक कार्यान्वयनका लागि विश्वविद्यालय अनुदान आयोगमार्फत सबै विश्वविद्यालयहरूमा परिपत्र गर्ने निर्णय पनि गरिएको मन्त्रालयले जनाएको छ । एकीकृत राष्ट्रिय शैक्षिक पात्रो कार्यान्वयनमा आएसँगै विश्वविद्यालय शिक्षा सुधारमा फड्को हुने आयोगको विश्वास छ । शासकीय सुधारसम्बन्धी सरकारको सयदिने कार्यसूचीको बुँदा नम्बर ८७ मा विश्वविद्यालयहरूबाट लिइने स्नातक र स्नातकोत्तर परीक्षाको नतिजा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको पात्रोअनुसार निकाल्ने लक्ष्य राखिएको थियो । त्यसलाई शिक्षा तथा खेलकुल मन्त्रालयले विश्वविद्यालय अनुदान आयोगमार्फत कार्यान्वयनमा ल्याएको हो । विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ को उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिम पात्रो कार्यान्वयन गरिनेछ । साथै, आवश्यक विषयहरू अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम समावेश गरी आवश्यक कार्यान्वयनका आयोगमार्फत विश्वविद्यालयलाई कार्यान्वयनका लागि निर्देशन दिइनेछ । आयोगका उपनिर्देशक रमेशप्रसाद अधिकारीका अनुसार परिमार्जित राष्ट्रिय शैक्षिक पात्रो कार्यान्वयनसँगै विश्वविद्यालयहरूमा भर्ना, अध्यापन, परीक्षा, नतिजा प्रकाशनलगायत शैक्षिक गतिविधि निर्धारित समय तालिकाअनुसार सञ्चालन हुनेछ । यसअघि आयोगले तयार गरेको शैक्षिक पात्रो २०८० साल भदौ २९ मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा आएको थियो । बदलिँदो शैक्षिक आवश्यकता र समयानुकूल सुधार गर्न आयोगले शैक्षिक पात्रो परिमार्जन समिति गठन गरेको थियो । समितिको २०८३ जेठ १२ गतेको निर्णय तथा सिफारिसका आधारमा पात्रोमा आवश्यक संशोधन गरी मन्त्रालयमा स्वीकृतिका लागि प्रस्ताव पठाइएको थियो ।

*-अनलाइनखबर डटकम*


## विद्यालयका छात्रहरुको सोचाइमा परिवर्तन




ललितपुरको लूभूस्थित महालक्ष्मी माध्यमिक विद्यालयमा पहिले छात्र (केटा) हरू महिनावारीका विषयमा कुरा गर्न लजाउँथें । अहिले उनीहरू महिनावारीलाई प्राकृतिक प्रक्रिया हो भनेर बुझाउन सक्ने भएका छन् । विद्यालयमा 'वि मेन क्लब' गठन भएपछि उनीहरुको सोचाइमा परिवर्तन आएको छ । विद्यालयका कक्षा ८ का फैजान मन्सुरीले क्लबका कारण घरभित्रको जिम्मेवारीप्रतिको अफ्नो सोच पनि परिवर्तन भएको बताए । "पहिले घरको काम छोरीले मात्रै गर्नपर्छ भन्ने लाग्थ्यो । अहिले छोराछोरी दुवैले बराबरी काम गर्नुपर्छ भन्ने लाग्छ", मन्सुरीले भने । अर्का विद्यार्थी सुमित विकले महिनावारीलाई लिएर साथीलाई जिस्काउनु गलत रहेछ भन्ने बुझेर अहिले अरूलाई पनि सचेत गराउन थालेको बताउँछन् । विद्यार्थी रेहान लामाले आवश्यक परेमा आमाका लागि 'प्याड' किनेर ल्याउन अप्ठ्यारो नहुने बताए । विद्यार्थी प्रिन्सकुमार शाहले 'यस्ता केटाहरू लजाउनुपर्ने' अवस्थालाई क्लबले अन्त्य गराएको प्रतिक्रिया दिए । विद्यालयका छात्रा क्रिन्सा रावल र इन्दिरा तामाङका अनुसार क्लबमा सहभागी केटा अहिले केटीहरूप्रति सम्मान व्यक्त गर्ने र सहयोगी बनेका छन् । विद्यालयका प्रधानाध्यापक प्रमिला श्रेष्ठले अहिले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सबैलाई समान सम्मान गर्नुपर्छ भन्ने विषय व्यवहारमै देखिन थालेको बताइन् । विद्यालयका 'जेण्डर फोकल' शिक्षक शङ्करप्रसाद घिमिरेका अनुसार, विद्यार्थीमा नेतृत्व क्षमता, अनुशासन र सामाजिक जिम्मेवारीको भावना पनि बढेको देखिएको छ । ललितपुरका तीन विद्यालयमा सञ्चालन भइरहेको 'व मेन क्लब' ले भने विद्यार्थीको सोच, व्यवहार र सामाजिक जिम्मेवारीमै परिवर्तन ल्याउन थालेको अनुभव विद्यालय प्रशासन, शिक्षक र विद्यार्थी खुलेर बताउन थालेका छन् । लैङ्गिक समानता, सम्मानजनक व्यवहार, भावनाको अभिव्यक्ति, महिनावारी, साइबर सुरक्षा, घरायसी जिम्मेवारीको बाँडफाँट, विविध लैङ्गिक तथा यौनिक पहिचान र हिंसाविरुद्धको सचेतनाजस्ता विषयलाई व्यावहारिक अभ्यासमार्फत सिकाइने भएकाले यसको प्रभाव कक्षाकोठाभन्दा बाहिर घरपरिवार र समुदायसम्म देखिन थालेको उनीहरुको भनाइ छ । श्री गम्भीर समुद्र सेतु माध्यमिक विद्यालयका प्रधानाध्यापक नीरा श्रेष्ठका अनुसार सुरुमा कार्यक्रम केही फरक र नयाँ लागे पनि अहिले यसको सकारात्मक प्रभाव स्पष्ट रूपमा देखिन थालेको छ । उनले प्रारम्भिक चरणमा व्यवहारगत समस्या भएका तथा अतिरिक्त सहयोग आवश्यकपर्ने विद्यार्थीलाई लक्षित गरेर कार्यक्रम सुरु गरिएको तर क्लबमा सहभागी विद्यार्थी पढाइमा सक्रिय हुने, अनुशासित बन्ने र साथीहरूसँग सम्मानपूर्वक व्यवहार गर्ने भएका बताए । सो विद्यालयका कक्षा ८ का जुनिस थामीका अनुसार क्लबले आफूलाई आत्मविश्वासी बनाएको छ । कक्षा ९ का लवराज पाण्डेले क्लबमा जोडिएपछि त्यो सोच परिवर्तन भएको बताए । कक्षा ९ की छात्रा शिखा तामाङले क्लबमा सहभागी साथीहरूमा आएको परिवर्तन आफूले प्रत्यक्ष देखेको बताइन् । तामाङले भनिन्, "पहिलेभन्दा अहिले केटाहरू धेरै सहयोगी भएका छन् । सबैलाई समान व्यवहार गर्छन् । महिनावारीलाई लिएर जिस्क्याउने बानी हटेको छ । क्लबमा सिकेको कुरा अरू साथीलाई पनि सिकाउने गरेका छन् ।" त्रिपद्म विद्याश्रम माध्यमिक विद्यालयका प्रधानाध्यापक हरिप्रसाद खनालका अनुसार क्लबले विद्यार्थीहरूमा सिकाइप्रतिको उत्साह र आत्मविश्वास उल्लेखनीय रूपमा बढाएको छ । उनका अनुसार किताबमा पढाइने विषयभन्दा फरक रूपमा विद्यार्थीहरूले व्यवहारमै अभ्यास गरेर सिकिरहेका छन्, जसको प्रभाव उनीहरूको दैनिक जीवनमा देखिन थालेको छ । सो विद्यालयका कक्षा ७ का रामबहादुर अधिकारीले क्लबले आृनो आत्मविश्वास बढाएको अनुभव सुनाए ।

*-रातोपाटी डटकम*

## सात वटा विश्वविद्यालयका उपकुलपतिले लिए शपथ



शिक्षा तथा खेलकुदमन्त्री तथा विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले त्रिभुवन विश्वविद्यालयसहित विभिन्न विश्वविद्यालयका नवनियुक्त उपकुलपतिहरूलाई पद तथा गोपनीयताको शपथ गराएका छन् । शुक्रबार मन्त्रालयमा नवनियुक्त उपकुलपतिहरूलाई मन्त्री पोखरेलले शपथ गराएका हुन् । प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले आजै त्रिभुवन विश्वविद्यालयसहित विभिन्न सात विश्वविद्यालयका उपकुलपति नियुक्त गरेका थिए । विश्वविद्यालयका उपकुलपति छनोट तथा सिफारिस समितिद्वारा सिफारिस उम्मेदवारहरूमध्येबाट कुलपति शाहले उपकुलपतिहरू नियुक्त गरेका हुन् । यसरी उपकुलपतिको पद तथा गोपनीयताको शपथ लिनेहरूमा क्रमशः त्रिभुवन विश्वविद्यालयमा प्रा.डा. भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयमा किसन दत्त भट्ट, मध्यपश्चिम विश्वविद्यालयमा राजन सुवाल छन् । त्यसैगरी, कृषि तथा वन विश्वविद्यालयमा ऋषिराम कट्टेल, राजर्षि जनक विश्वविद्यालयमा श्यामनारायण लाभ, पोखरा विश्वविद्यालयमा देवेन्द्र अधिकारी र पूर्वाञ्चल विश्वविद्यालयमा सुजन बाबु मरहट्टाले उपकुलपति पदको शपथ लिएका छन् । सो अवसरमा विश्वविद्यालयका सहकुलपति समेत रहनुभएका शिक्षामन्त्री पोखरेलले निष्पक्ष, स्वतन्त्र, व्यावसायिक र पारदर्शी ढङ्गले विश्वविद्यालयको काम कारबाही गर्न निर्देशन दिए । शपथपछि नवनियुक्त उपकुलपतिहरूले विश्वविद्यालयको साख र गरिमालाई कायम राख्दै निर्भीकता र इमानदारिता साथ काम गर्ने प्रतिबद्धता जनाए । उनीहरूले सरकारद्धार खुला प्रतिस्पर्धाको माध्यमबाट उपकुलपति छनौट प्रक्रियाले आफूहरूको मनोबल उच्च रहेको भन्दै प्रतिबद्धताबमोजिम काम गर्ने विश्वास व्यक्त गरे । खुला प्रतिस्पर्धाबाट उपकुलपतिलाई नियुक्त गरिएको हो। उपकुलपतिको नाम सिफारिस गर्न शिक्षामन्त्री तथा विश्वविद्यालयका सहकुलपति पोखरेलको अध्यक्षतामा सिफारिस समिति गठन गरिएको थियो । उक्त समितिले विज्ञको नेतृत्वमा अर्को उपसमिति बनाएर उपकुलपति छनौट गरिएको हो ।

*-सेतोपाटी डटकम*

# विपदजन्य घटनामा १२७ को मृत्यु, ७७३ घाइते



**काठमाडौँ,** असार २१/ यस वर्ष सुरु भएपछि (वैशाख १ देखि १९ गतेसम्म) विपदजन्य घटनामा १२७ नागरिकले ज्यान गुमाएका छन् । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार सो अवधिमा भएका कुल दुई हजार ७२१ विपदजन्य घटनामा १२७ को मृत्यु भएको तथा ७७३ जना घाइते भएका छन् । ती विपदमा तीन हजार ७२२ परिवार प्रभावित भएको पनि प्राधिकरणले सार्वजनिक गरेको विपद बुलेटिनमा उल्लेख छ । सबैभन्दा बढी सर्पदङ्शका ३९८ घटनामा परेर २३ जनाको मृत्यु भएको छ भने ३७५ जना घाइते भएका छन् । यस्तै लेक लागेका ५४ घटनामा २१ जनाको मृत्यु र ३४ जना घाइते तथा चट्याङ्गा २०५ घटनामा १९ जनाको मृत्यु र ९८ जना घाइते भएका छन् ।

यस्तै सबैभन्दा बढी घटना भने आगलागीका भएका छन् । आगलागीका ८३० घटनामा १७ जनाको मृत्यु भएको छ भने १०० जना घाइते भएका छन् । जनावरको आक्रमणका १४७ घटनामा १४को मृत्यु र ८२ जना घाइते भएका छन् । हावाहुरीका ४७४ घटना भएका र ती घटनामा परेर १३ जनाको मृत्यु तथा ६७ जना घाइते भएका पनि प्राधिकरणले जानकारी दिएको छ । यस्तै बाढी, पहिरो, भारी वर्षा, डङ्गा पल्टिएर, वन डढेलो तथा हिउँ पहिरोमा परेर मानवीय क्षति भएको पनि प्राधिकरणले जानकारी दिएको छ । प्रवक्ता महतका अनुसार पछिल्लो २४ घण्टामा मात्रै विभिन्न २७ जिल्लामा ३१ वटा विपदका घटना भएको र ती विपदमा परेर एक जनाको मृत्यु भएको तथा १५ जना घाइते भएका छन् । *-रासस*

## खेलकुद समाचार


### फ्रान्स क्वार्टरफाइनलमा



**काठमाडौँ,** असार २१/पाराग्वेलाई हराउँदै साविक उपविजेता फ्रान्स फिफा विश्वकप २०२६ को क्वार्टफाइनलमा प्रवेश गरेको छ । अमेरिकाको फिलाडेल्फिया स्टेडियममा भएको राउन्ड अफ १६ को खेलमा पाराग्वेलाई १-० ले पराजित गर्दै फ्रान्सले क्वार्टरफाइनलमा स्थान बनाएको हो । फ्रान्सको जितमा कप्तान किलियन एम्बाप्पेले निर्णायक गोल गरे । एम्बाप्पेले खेलको ७०औँ मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका थिए । डिजायर डुएलाई पाराग्वेका खेलाडीले पेनाल्टी बक्सभित्र लडाएपछि फ्रान्सले पेनाल्टी पाएको थियो । खेलमा फ्रान्स हाबी बन्यो । ५९ प्रतिशत प्रतिशत बल पोजिसनमा राखेको फ्रान्सले खेलमा १५ सर्ट प्रहार गर्‍यो । पाराग्वेले ५ सर्ट मात्र प्रहार गरेको हो । जसमा एउटामात्रै सर्ट अन टार्गेट रह्यो । १८ पटक विश्वकप खेलिरहेको फ्रान्स दशौँपटक क्वार्टरफाइनलमा प्रवेश गरेको हो । अब सेमिफाइनल प्रवेशका लागि फ्रान्सले मोरक्कोसँग खेल्नेछ । यी दुई टोली सन् २०२२ को विश्वकपमा सेमिफाइनलमा प्रतिष्पर्धा गरेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# सुनचाँदीको मूल्य घट्यो




**पाल्पा,** असार २१/ आइतबार सुनचाँदीको मूल्य घटेको छ । स्थानीय बजारमा गत शुक्रबारको तुलनामा सुन तोलामा रु ४०० र चाँदी रु १० ले घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासैका अनुसार छापावाल सुन प्रतितोला रु दुई लाख ९० हजार ३०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ६०५ कायम भएको छ । गत शुक्रबार छापावाल सुन प्रतितोला रु दुई लाख ९० हजार ७०० र त्यति नै परिमाणको सेतो धातु रु चार हजार ६१५ मा कारोबार भएको थियो । गत बिहीबार छापावाल सुन प्रतितोला रु दुई लाख ८३ हजार ५०० र त्यति नै परिमाणको चाँदीको रु चार हजार ४५० मा किनबेच भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार १७४ र चाँदी ६२ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

# पाल्पा सहित विभिन्न...

...यस्तै काठमाडौं महानगरपालिका-२५ सुचिकार गल्लीबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ९ सय ट्याब्लेट सहित भक्तपुर सल्लाघारी बस्ने सिन्धुपाल्चोक घर भएका २० वर्षीय निसान श्रेष्ठ समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । साथै उनीहरूले प्रयोग गरेको बा.प्र.०२-०६७ प ८७४६ नम्बरको स्कुटर समेत प्रहरीले बरामद गरेको छ । बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-४ बसपार्कस्थित न्यू अछाम ढकारी जुम्ला होटल एण्ड लजबाट अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ १ सय ४८ ग्राम, तराजु १ थान र नगद २८ हजार रूपैयाँ सहित जुम्ला चन्दननाथ नगरपालिका-८ बस्ने ५३ वर्षीय बलि कामीलाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय नेपालगञ्जबाट खटिएको प्रहरीले उक्त होटल तलासी गर्दा उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो । यस्तै सुनसरीको धरान उपमहानगरपालिका-५ देउरालीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ ग्राम सहित सोही उपमहानगरपालिका-५ देउराली बस्ने ३२ वर्षीय पर्वत दर्जीलाई प्रहरीले पक्राउ गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै मोरङको जहदा गाउँपालिका-२ मिलन चोकबाट अवैध लागूऔषध गाँजा करिब ६ किलो २ सय ८० ग्राम सहित सोही गाउँपालिका-७ बस्ने १५ वर्षीय बालकलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय रानी समेतबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । यस्तै पर्साको वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ सय ५० मिलिग्राम सहित बारा कलैया उपमहानगरपालिका-६ बस्ने २८ वर्षीय आदेश ठाकुरलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी पर्साकै छिपहरमाई गाउँपालिका-५ बाट अवैध लागूऔषध गाँजा जस्तो देखिने वस्तु करिब २ किलोग्राम सहित भारत जिल्ला उन्नौं थाना सफीपुर ग्राम पञ्चायत परियर बस्ने ३६ वर्षीय राजु निषादलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी भिस्वा समेतबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । भक्तपुरको भक्तपुर नगरपालिका-६ चुनदेवीबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ६६ ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं नागार्जुन नगरपालिका-२ गैरीगाउँ बस्ने १९ वर्षीया कल्पना नगरकोटी र भक्तपुर चाँगुनारायण नगरपालिका-९ ताथली खड्का टोल बस्ने २६ वर्षीय समर खड्का रहेका छन् । प्रहरी वृत्त जगातीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै कैलालीको गोदावरी नगरपालिका-५ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ सय ४० मिलिग्राम सहित सोही नगरपालिका-१ बस्ने २८ वर्षीय काशी राम आउजीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी गेटाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-३ ट्राफिक चौराहाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ७ सय ४० मिलिग्राम सहित गोदावरी नगरपालिका-२ बस्ने २२ वर्षीय अमित सार्कीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलाली समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । गोरखाको आरूघाट गाउँपालिका-१० मंगलटारबाट नियन्त्रित लागूऔषध ट्रामाडोल २० ट्याब्लेट सहित २ जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-९ आरूटार बस्ने २५ वर्षीय सरोज रोका र गोरखा नगरपालिका-१ ताप्ले बस्ने २१ वर्षीय जीवन धिताल रहेका छन् । इलाका प्रहरी कार्यालय आरूघाटबाट खटिएको प्रहरीले ग.६ प ६७७५ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।


## चन्द्रकोट गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

| लक्ष्मणप्रसाद चालिसे | विष्णुप्रसाद भण्डारी | युवराज खत्री क्षत्री |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई